**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २४ फरवरी २०२५

समयः १८:५० - १९:०० बजे

मुख्य समाचार

१. प्रधानमन्त्री नरेन्द्र मोदी बिहारको भागलपुरबाट **पीएम किसान सम्मान निधि** योजना अन्तर्गत 19 किस्ता जारी गर्नुभयो।

२. पश्चिम बङ्गाल सरकारले राज्यका सरकारी अस्पतालमा कार्यरत जूनियर डाक्टरहरूको तलब वृद्धि गर्ने निर्णय गरेको छ।

३. जिटिए प्रमुख कार्यपाल तथा भागोप्रमो अध्यक्ष अनित थापाले कालेबुङ अनि दार्जीलिङ् जिल्लामा दुइटा जिल्ला परिषद बनिए जीटीए अझ शक्तिशाली बनिने बताउनुभयो।

४. जोईन्ट फोरमले आगमी 27 फरवरी देखि शुरु हुने फर्स्ट फल्सको पत्ती कुनै पनि चियाबगानमा नटिप्ने घोषणा गरेको छ।

५. फाइलेरियासिस अर्थात् हात्ती पाइले रोग फैलिन नदिन कालेबुङमा जिल्ला प्रशासनले मास ड्रग एडमिनिस्ट्रेसन अभियान शुरु गरेको छ।

**प्रधानमन्त्री बिहार**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहारको भागलपुर देखि प्रधानमन्त्री किसान सम्मान निधि योजनाको 19औं किस्ता जारी गर्नुभयो।यस योजना बमोजिम 9 करोड़ 80 लाख लाभार्थी किसानहरुको ब्यआँक खातामा सोझो 22 हजार 700 करोड़ रुपियाँ भन्दा बढ़ीको  सहायता राशी जारी गरियो। यो कार्यक्रम प्रधानमन्त्री किसान सम्मान निधि योजनाको छैठौ वर्षगांठको अवसरमा आयोजित गरिएको हो। प्रधानमन्त्रीले बिहारमा किसानहरुसित जुड़ेका योजनाहरु लगायत विभिन्न विकास परियोजनाहरुको उद्घाटन एवं लोकार्पण पनि गर्नुभयो।

****** ० ******

**डॉक्टरों-वेतन-बढ़ोतरी**

पश्चिम बङ्गाल सरकारले राज्यका सरकारी अस्पतालमा कार्यरत जूनियर डाक्टरहरूको तलब वृद्धि गर्ने निर्णय गरेको छ। मुख्यमन्त्री ममता बेनर्जीले आज सो घोषणा गर्नुभएको हो । उहाँले भन्नुभयो प्रशिक्षार्थीदेखि पोस्ट डॉक्टरेट प्रशिक्षार्थीसम्मको तलब वृद्धि गरिने छ । यसअन्तर्गत सिनियर रेजिडेन्ट डाक्टरको तलब मासिक १५ हजार रु र अन्य श्रेणीका जुनियर डाक्टरको तलब १० हजार रुपैयाँले वृद्धि हुनेछ ।कोलकाताको अलीपुरस्थित 'धनधान्य' सभागारमा आयोजित डॉक्टरहरुको सम्मेलनमा सम्बोधन गर्ने क्रममा मुख्यमन्त्रीले यस्तो घोषणा गर्नुभयो। उहाँका अनुसार डिप्लोमा धारक सीनियर रेजिडेंट, पोस्ट ग्रेजुएट सीनियर रेजिडेंट और पोस्ट डॉक्टरेट सीनियर रेजिडेंट डॉक्टरहरुको तलब १५ हजार सम्म बदाईएको छ भने इन्टर्न, हाउस स्टाफ, पोस्ट ग्रेजुएट प्रशिक्षार्थी र पोस्ट डॉक्टरेट प्रशिक्षार्थी डाक्टरको तलब १० हजार रुपैयाँले वृद्धि गरिएको छ । मुख्यमन्त्रीले सरकारी डॉक्टरहरुका लागि निजी प्रैक्टिसको सीमा बढाउने पनि घोषणा गर्नुभयो। हालसम्म सरकारी डॉक्टरहरुले सरकारी सेवामा कम्तीमा आठ घण्टा काम गरेपछि २० किलोमिटरको दूरीमा निजी अस्पतालमा प्राक्टिस गर्न पाउने व्यवस्था थियो । अब यो सीमा बढाएर ३० किलोमिटर पुर्याइएको छ । तर, सरकारी अस्पतालमा बिरामीको हेरचाहमा कुनै पनि प्रकारको लापरबाही सह्य नहुने पनि मुख्यमन्त्रीले चेतावनी दिनुभयो।

****** ० ******

**आर.जी. कर**

पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बनर्जीले आरजी कार मेडिकल कलेज र अस्पतालमा हत्या भएकी महिला डॉक्टरलाई आफ्नो 'बहिनी' को संज्ञा दिनुभएको छ भने उनका अभिभावकप्रति गहिरो समवेदना व्यक्त गर्दै यस जघन्य अपराधका दोषीलाई कडा भन्दा कडा कारबाही गर्नुपर्ने माग गर्नुभयो। धन धान्य सभागारमा वरिष्ठ र कनिष्ठ डॉक्टरहरु एव चिकित्सक विद्यार्थीहरूका लागि आयोजित विशेष कार्यक्रममा बोल्दै बनर्जीले न्याय सुनिश्चित गर्न आफ्नो सरकारले गरेको प्रयासको बारेमा प्रकाश पार्नुभएको थियो भने आफ्नो सरकारले अपराजिता विधेयक ल्याएको र बलात्कारका दोषीलाई मृत्युदण्डको व्यवस्था गरिएको बताउनु भयो ।

सेप्टेम्बर २०२४ मा पश्चिम बङ्गाल विधानसभामा सर्वसम्मतिले पारित गरेको अपराजिता महिला तथा बाल विधेयक (पश्चिम बङ्गाल आपराधिक कानून र संशोधन विधेयक, २०२४) मा बलात्कार पीडितको मृत्यु भएमा वा स्थायी कोमामा गएमा दोषीलाई मृत्युदण्ड दिइने व्यवस्था गरिएको छ।

****** ० ******

**पश्चिम बंगाल-ग्रामीण सड़क**

२०२६ को विधानसभा चुनावलाई ध्यानमा राख्दै पश्चिम बङ्गाल सरकारले ग्रामीण सडकहरूको मर्मतका लागि 1000 करोड रुपिया आवंटित गरिएको छ। प्रधानमन्त्री ग्राम सडक योजना र आरआईडीएफ अन्तर्गत निर्माण गरिएका पुराना सडकहरूको मर्मतका लागि राज्यको पंचायत विभागले यो रकम स्वीकृत गरेको हो। सामान्यतया यसका लागि हरेक वर्ष २०० देखि २५० करोडको बजेट राखिन्छ तर यस पटक ७५० देखि ८०० करोडको एकमुष्ट वृद्धि गरिएको छ, जुन अभूतपूर्व मानिएको छ। राजनीतिक विश्लेषकहरूको विचारमा तृणमूल कङ्ग्रेस सरकारले चुनावअघि ग्रामीण मतदाताहरूलाई रिझाउन यो ठूलो कदम चालेको छ, किनभने खराब सडकहरूले चुनावमा सत्तारूढ दललाई घाटा हुन सक्छ। यता विपक्षीहरुले भने यो निर्णयलाई चुनावी राजनीतिको संज्ञा दिएका छन् । विपक्षी दलहरूका अनुसार लामो समयदेखि राज्य सरकारले यी सडकहरूको मर्मतलाई बेवास्ता गर्दै आएको तर चुनावको ठीक अघि अचानक यति ठूलो बजेट आवंटन गर्नु तृणमूलको भोट बैंकलाई बलियो बनाउने प्रयास हो।

****** ० ******

**शुभेन्दु अधिकारी**

बङ्गाल विधानसभाको विपक्षी नेता शुभेन्दु अधिकारी साथै भापजा नेता चियाबारीको ३० प्रतिशत जमिन व्यापारको लागि दिने राज्य सरकारको निर्णयको विरोध गर्नु भएको छ| उहाँले आरोप लगाउदै भन्नु भयो, टीएमसी एक विनाशकारी पार्टी हो। तिनीहरूले जुट र अन्य स्केल उद्योगहरू नष्ट गरेका छन्। अब टीएमसी चिया उद्योगलाई नष्ट गर्न खोजिरहेको छ। रिसोर्ट निर्माणको लागि नियोटिया समूहलाई धेरै चिया बगान जग्गा दिइएको छ र अन्य टीएमसी समर्थक उद्योगपतिहरूले पनि थप शोषणको लागि उत्तर बंगालमा नजर राखेका छन् |उहाँले यस क्षेत्रका आदिवासी गोरखा, राजबन्शी र अन्यलाई यस क्षेत्रबाट निष्कासन गरिनेछ। धेरैलाई केरला, धेरैलाई आसाम धकेलिएको छ। हामी यसलाई जारी राख्न दिनेछैनौं। हामी यसलाई रोक्नेछौं।

****** ० ******

**( सीपीआईएम)**

भारतीय कम्युनिस्ट पार्टी माक्र्सवादी( सीपीआईएम) को पश्चिम बंगाल राज्य कमिटीको २७ औँ राज्य सम्मेलन हुगली जिल्लाको डानकुनीमा शुरु भएको छ। सम्मेलनमा राज्यका विभिन्न जिल्लाहरुबाट बामपंथी बिचारकहरु सगै जिल्ला तथा राज्य समितिका सदस्यगणको बिशेश रूपमा सहभागिता रहेको थाहा लागेको छ ।आगामी २५ फरवरीसम्म चल्ने सम्मेलनको उत्धाटन आदिवासी परम्परागत नृत्यबाट शुरु गरिएको थियो भने विभिन्न जिल्लाबाट उपस्थित प्रतिनिधिहरुले हालमा चलिरहेको विभिन्न जल्दोबल्दो समस्याहरुबारेमा बक्तब्यहरु प्रस्तुत गरेका थिए। यसका साथै दार्जिलिङ पहाडको विभिन्न समस्याहरु सगै चियाबारीको आवस्थाहरुबारेमा सम्मेलनमा चर्चा गरिएको वरिष्ठ माक्र्सवादी नेता तथा राज्य कमिटी सदस्य के बी वातरले बताउनु भएको छ। अर्कोतिर सम्मेलनको प्रमुख उदेश्य माक्र्सवादी बिचारहरु अझ ससक्त बनाउदै कसरी पुन जनतासामु आउनसकिन्छ तथा साधरण जनमानसमा पुग्न सकिन्छ भन्ने बारेमा जोड रहेको बताइएको छ।

****** ० ******

**अनित-थापा**

जिटिए प्रमुख कार्यपाल तथा भागोप्रमो अध्यक्ष अनित थापाले मंगरजोङ चिया बगानको भ्रमण अवधि पत्रकारलाई सम्बोधन गर्दै बन्साल कम्पनीको सबै चिया बगान लोन नतिरेको कारण बन्द रहेको बताउनु भयो भने हाल कम्पनी अनि ब्याङ्क माझ कुरा चल्दै गरेकोले चाँडो कमानहरु खोलिने बताउनु भयो। यसका साथै आफ्नो कोलकाता भ्रमणको परिणाम फलदायी रहेको बताउदै केहि दिनमा शुभ खबर आउने सकेत् दिनुभयो । यसैगरी कालेबुङ अनि दार्जीलिङ् जिल्लामा दुइटा जिल्ला परिषद बनिए जीटीए अझ शक्तिशाली बनिने बताउनुभयो।

****** ० ******

**जोईन्ट फोरम**

जोईन्ट फोरमले आगमी २७ फरवरी देखि शुरु हुने फर्स्ट फल्सको पहिले दिनको पत्ती कुनै पनि चियाबगानमा नटिप्ने घोषणा गरेको छ। जोईन्ट फोरमको तर्फबाट आज पत्रकार सम्मेलन गर्दै फोरमद्वार बसेको सभामा यो निर्णय लिएको फोरमको पक्षमा सुनिल राईले बताउनु भयो । यसको साथै २७ फरवरीको दिन चिया बगानका प्रबंधकहरुलाई मांग पत्र पनि बुझाउने भएको छ जसमा वर्ष २०२२२३ को रहल ४ प्रतिशत बोनस झट्ट दिनुपर्नेए न्यूनतम रोजी झट्ट लागू गर्न पर्ने , चिया श्रमिकहरू बस्दै आएको सम्पूर्ण जमीनको पर्जा पट्टा दिनु पर्ने , अनि राज्य सरकारले चियाबगान का ३० प्रतिशत जमिन उद्योगपति लाई दिने अधिसूचना रद्द गर्नु पर्ने मांगहरु उक्त पत्रमा राखिएको बताइएको छ भने यस मांगलाई लिएर राज्यपाल संग पनि आगमी दिनमा फोरमले भेटने सुनिल राईले बताउनु भएको छ।

****** ० ******

**हात्ती पाइले**

फाइलेरियासिस अर्थात् हात्ती पाइले रोग फैलिन नदिन कालेबुङमा जिल्ला प्रशासनले मास ड्रग एडमिनिस्ट्रेसन अभियान शुरु गरेको छ। आज उक्त विषयबारे जिल्लापाल बाला सुब्रमणियन टी ले जानकारी दिनुभएको छ ।मच्छरको टोकाइबाट सर्ने यो रोग पहाडमा कम रहे तापनि हाल केहि संक्रमित फेला परेको बताउदै आगामी दिनहरुमा यसले गम्भीर स्थिती नल्यावोस् भन्ने उद्देश्य लिएर नै यो अभियान शुरु गरिएको उहाँले बताउनु भयो।

****** ० ******

**युनाइटेड़ क्रिशचियन**

खरसाङ युनाइटेड़ क्रिशचियन माइनोरिटी वेलफेयर सोसाइटीका कार्यकारणी सदस्यगण अनि सन्त पौल पल्ली खरसाङको नारी सङ्गठनको प्रतिनिधिहरूले आज खरसाङ महकुमा अधिकारी श्री बन्दाभासी तेजा दिपकलाई अधिकारीक भेटघाट गरि संयुक्त रूपमा बेग्ला बेग्लै दुई वटा ज्ञापन पत्रहरू चड़ाए। ज्ञापन पत्रहरूमा खरसाङ टुरिस्ट लज नजिकको राष्ट्रिय राज मार्ग ५५ अनि कटलेरी कारखाना अनि वेरी निवास मुनिको मूल सड़क राष्ट्रीय राज मार्ग ५५ मा कुनै पनि हालतमा स्पीड़ ब्रेकर ( speed breaker) अनि जेब्रा क्रसिङ्ग ( zebra को माग गरिएको छ भने उक्त ज्ञापन पत्र जी टी एका चीफ अनित थापालाई पनि चड़ाएको छ ।

****** ० ******

**राशन-घोटाला (ईडी)**

प्रवर्तन निदेशालय (ईडी) ले पश्चिम बङ्गालमा करोडौंको राशन वितरण घोटालासँग सम्बन्धित मुद्दामा सोमबार नयाँ पूरक चार्जशीट दाखिल गरेको छ। ईडीले कोलकाताको धनशोधन निवारण अधिनियमको विशेष अदालतमा यो पाँचौं पूरक चार्जशीट दायर गरेको छ। स्रोतका अनुसार यस चार्जशीटमा ईडीका अधिकारीहरूले पूर्व खाद्य तथा आपूर्ति मन्त्री ज्योतिप्रिया मल्लिकका निजी चार्टर्ड एकाउन्टेन्ट सन्तनु भट्टाचार्यको नाम लिएका छन्।

ज्योतिप्रिया मल्लिकलाई ईडीले दुई वर्षअघि पक्राउ गरेको थियो । तर, गत महिना विशेष पीएमएलए अदालतले उनलाई जमानत दिएको थियो ।

****** ० ******

**गोपाल योन्जन**

मिरिक गोपाल योन्जन प्रेक्षा गृहमा गोपाल योन्जन संस्थान मिरिक, साहित्य सुनौ परिवार,अम्बर गुरूङ शालिग संरक्षण समिति अनि साहित्य संगम परिवारको आययोजनामा आगमी 8 मार्चको दिन गोपाल योन्जन पुस्तक लोकार्पण तथा विशेष सांगीतिक कार्यक्रम गरिने तय भएकाे जानकारी प्राप्त भएकाे छ। यस अवसरमा काठमाडौका बरिष्ठ कलाकारहरुकाे प्रस्तुति सगै बिध्यार्थीहरुलाई पनि समावेश गरि गाेपाल याेञ्जनका रचनाहरु युवा पुस्ताहरुमा पनि हस्तान्तरण गरिने उदेश्य रहेकाे छ। उक्त विषयलाई लिएर आयाेजकहरूले आइतबार एउटा सभा गरेर कार्यक्रमलाई भब्य अनि सभ्यरूपमा सम्पन्न गर्न रूपरेखा तयार पारेकाे आयाेजकहरूकाे पक्षमा कैलास राईले जानकारी दिनुभयो।

****** ० ******

**इच्छानाथ**

कालेबुङ इच्छको पुरानो मन्दिर इच्छानाथ शिवालयमा हरेक साल शिवरात्रीको अवसर पारेर विभिन्न पुराण आयोजना गरिने गरिएको छ। यसै क्रममा यस वर्ष कल्की पुराणको आयोजना गरिएको हो। शुक्रबार कलश यात्रासँगै आरम्भ भएको पुराण भजन किर्तन कथा प्रवचनको साथ उत्साहपूर्वक सम्पन्न भइरहेको छ। उक्त अनुष्ठानमा मूल कथा व्यासको रूपमा पण्डित मोतीराम तिम्सिना रहेका छन् भने पाठमा लक्ष्मण तिम्सिना रहेका छन्।

****** ० ******